आदर्श कोतवाल गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र


खण्डः ९ | संख्याः २ | मितिः २०८३/०४/१३


भागः २

आदर्श कोतवाल गाउँपालिका

महेन्द्र आदर्श, बारा

मधेश प्रदेश

## आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापनका लागी उप-समिति गठन सम्बन्धी कार्यविधि, २०८३

कार्यपालिकाबाट पारित मितिः- २०८३/०४/०१

**प्रस्तावनाः**

आदर्श कोतवाल गाउँपालिकामा अवस्थित ऐतिहासिक धार्मिक, पर्यटकिय एवम् संस्कृतिक महत्त्वका धार्मिक स्थलहरुलाई संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न तथा सुव्यवस्थापन गर्न आवश्यक भएकोले नेपालको संविधान धारा २२१, धारा २२६ तथा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ (१) (२) ज (१२) (१८), दफा १४ दफा ९७ (१) (ग) दफा १०२ को अधारमा आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन ऐन, २०८२ जारी भएकोमा सो ऐन बमोजिम आदर्श कोतवाल गाउँपालिकाका प्रत्येक धार्मिक स्थलहरुमा उप-समिति गठन गरि संचालन तया व्यवस्थापन सहजीकरणका लागी यो कार्यविधि गाउँ कार्यपालिकाले बनाएका हुन ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापनका लागी उप-समिति गठन सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यविधि" भन्नाले ऐनको दफा ८ देहाय १८ बमोजिम उप समिति गठन सम्बन्धी व्यवस्था गर्न बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

(ख) "उप समिति" भन्नाले ऐनको परिच्छेद ४ को दफा ८ बमोजिमको उप समिति सम्झनुपर्छ ।

(ग) 'तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) "ऐन" भन्नाले आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन ऐन, २०८२ सम्झनुपर्छ ।

(ङ) "मुल समिति" भन्नाले आदर्श कोतवाल गाउँपालिकाको धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन ऐन, २०८२ को परिच्छेद ३ को दफा ४ बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

(च) "धार्मिक स्थल" भन्नाले आदर्श कोतवाल गाउँपालिकाको सम्पुर्ण वडाहरुमा रहेको मठ मन्दिर, शिवालय, देवालय जस्ता पुजा आजा गर्ने सार्वजनिक स्थललाई बुझ्नुपर्छ ।

(छ) अन्य थप "परिभाषा" सम्बन्धमा ऐनमा गरिएको परिभाषा अनुसार हुनेछ ।

## परिच्छेद-२

## उपसमिति गठन प्रक्रिया

३. उप-समितिको गठन : (१) धार्मिक स्थल भएको सम्बन्धित वडाका वडा अध्यक्षले वडामा सार्वजनिक भेला गरी सर्वसहमतिले ११ जना ऐन बमोजिम योग्यता पुगेका व्यक्तिहरुको समिति गठन गरि वडा समितिको निर्णय सहित मुल समितिमा पठाउनु पर्नेछ । यसरी मुल समितिमा वडा कार्यालयबाट प्राप्त हुन आएको समितिलाई स्विकृत गरि मनोनित गरेको खण्डमा सम्बन्धित वडाको

जवाहर प्रसाद
गा.पा. अध्यक्ष

विजय ... चौरसिया
प्रमुख प्रशासकीय अधिकृत

धार्मिक स्थलको समित गठन हुनेछ । समिति ११ सदस्य हुनेछ । जुन समावेशीको अधारमा गठन गर्नुपर्ने छ । जुन यस प्रकारको हुनेछः-

(क) अध्यक्ष - १ जना,

(ख) उपाध्यक्ष - १ जना,

(ग) सचिव - १ जना,

(घ) स-सचिव - १ जना,

(ङ) कोष अध्यक्ष - १ जना,

(च) सदस्य - ५ जना (धार्मिक तथा समाजिक व्यक्तिहरु पर्ने गरी)

(छ) पादेन सदस्य - १ जना (वडा कार्यालय बाट)

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको कुनै विवाद वा कारणबस समितको नमावली वडा अध्यक्ष वा वडा कार्यालयले पठाउन नसकेको खण्डमा मुल समितिले ३ महिनाका लागी अस्थायी उपसमिति गठन गर्न सक्नेछन् ।

४. <u>उप-समितिको योग्यता</u> : (१) उप-समितिको योग्यता यस प्रकार हुनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको व्यक्ति,

(ख) भ्रष्टाचार सम्बन्धी मुद्दामा कारवाहीमा नपरेको,

(ग) मानसिक सन्तुलन नगुमाएको वा मगज नबिग्रेको व्यक्ति हुनु पर्ने ।

(घ) सम्बन्धित वडाको बासी हुनु पर्ने,

(ङ) कम्तीमा कक्षा ८ पास गरेको व्यक्ति हुनु पर्ने,

(च) नेपाली नागरिक हुनु पर्ने,

(छ) २४ वर्ष पुरा गरेको व्यक्ति हुनु पर्ने,

(ज) बैंक तथा वित्तिय संस्थाको कालो सुचीमा नपरेको व्यक्ति,

अन्य कानुन बमोजिम दोषी वा कसुरदार ठहरेको व्यक्ति यो समितिको योग्य हुने छैन ।

५. <u>उप-समितिको कार्यक्षेत्र</u> : (१) उपसमितिको कार्यक्षेत्र यस प्रकार हुनेछ ।

(७)१७५/२/८
जवाहर प्रसाद
गा.पा. अध्यक्ष

विजय कुमार चौरसिया
प्रमुख प्रशासकीय अधिकृत

(क) सम्बन्धित वडाको धार्मिक स्थलको व्यवस्थापन र संचालन गर्न,

(ख) र ऐनमा व्यवस्था भए बमोजिम तथा मुल समितिले निर्देशन गरे बमोजिम वडा भित्र रहेको धार्मिक स्थल व्यवस्था र संरक्षण सम्बन्धी आवश्यक कार्यहरु गर्ने ।

६. <u>उप-समितिको काम, कर्तव्य र अधिकार</u> : उप समितिको काम, कर्तव्य र अधिकार यस प्रकार हुनेछः-

(क) सम्बन्धित वडाको धार्मिक स्थल, मठमन्दिरको स्थान र संरक्षण गरि संचालन गर्ने,

(ख) धार्मिक स्थल, मन्दिरको जग्गा जमिन, भवन, बगैचा, फुलवारी जस्ता अन्य संरचनाहरुको संरक्षण र व्यवस्थापन गर्ने र आवश्यकता अनुसार मुल उप समितिको निर्णय र मुल समितिको स्विकृतिले नयाँ भवन र संरचनाहरुको निर्माण गर्ने ।

(ग) धार्मिक स्थल, मठमन्दिरको जग्गा जमिन वा जमिनमा निर्माण भएको भवन प्रचलित कानुन बमोजिम व्यवस्थापन गरी भाडामा दिई आय आर्जनको माध्यम बनाउने । सो जग्गा जमिन वा भवन भाँडामा लगाउँदा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

(घ) धार्मिक स्थल मठमन्दिरको जग्गा जमिन वा अन्य कुनै माध्यमबाट आएको आय आम्दनीको स्थानिय बैंकमा खाता खोली सो आम्दनीको व्यवस्थापन गर्ने र प्रचलित कानुन बमोजिम धार्मिक स्थल मठमन्दिरको आवश्यक काम वा विकास निर्माणमा खर्च गर्ने ।

(ङ) सम्बन्धित धार्मिक स्थल मठमन्दिरको विकास संरक्षण र सम्बर्धन गर्नका लागी वार्षिक तथा आवधिक योजना तयार गरी मुल समितिमा पेश गर्ने । मुल समितिबाट स्विकृत भए पश्चात कार्यन्वयन गर्ने ।

(च) धार्मिक परम्परा अनुसार बिभिन्न मेला जात्रा तथा धार्मिक कार्यक्रमहरुको आयोजना गर्ने ।

(छ) वार्षिक आय आम्दनीको लेखापरिक्षण गरि मुल समितिमा पेश गर्ने ।

(ज) समितिको बैठक महिनामा १ पटक अनिवार्य बस्ने छ । आवश्यकता अनुसार जति बसे पनि कुनै प्रकारको बाधा अवरोध हुने छैन ।

(झ) आय व्ययको लेखा जोखा सहित प्रगति विवरण सहितको जानकारी ६/६ महिनामा गाउँपालिका कार्यालयलाई दिनु पर्नेछ ।

(ञ) आय व्ययको वार्षिक प्रतिवेदन श्रावण मसान्तको पहिलो साता भित्र मुल समिति र गाउँपालिका कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

जवाहर प्रसाद
गा.पा. अध्यक्ष

विजय ... चौरसिया
प्रमुख प्रशासकीय अधिकृत

(ट) मन्दिरको जग्गामा भएको ऐतिहासिक बजारलाई व्यवस्थापन गर्ने र बजार व्यवस्थापन गरे वापत उपसमितिले समान्य बिटौरी कर संकलन गर्न पाउने छ ।

अन्य ऐनले तोके अनुसारको वा मुल समितिले निर्देशन गरेको कार्यहरु गर्ने ।

७. खाता संचालन : (१) सम्वन्धित धार्मिक स्थलको आय आम्दनी व्यवस्थापन गर्नका लागी स्थानिय बैंकमा अध्यक्ष र कोष अध्यक्ष वा सचिवको संयुक्त हस्ताक्षरले संचालन हुने गरी खाता खोल्नु पर्ने हुन्छ । सवै प्रकारको कारोवार समितिले यसै खाता मार्फत गर्नु पर्ने हुन्छ ।

८. उप समितिको कार्य अवधि : (१) उप समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

९. स्वयमसेवक गठन प्रक्रिया : उप समितिले धार्मिक मेला, जात्रा वा सार्वजनिक पुजा आजा जस्ता धार्मिक कार्यक्रमको आयोजना गर्दा सो कार्यक्रमहरुलाई व्यवस्थापन तथा विभिन्न सेवा प्रवाह गर्नका लागी उप समितिले आफ्नो बैठकमा सर्वसहमतिले नमावली पेश गरी सो मा निर्णय गरी स्वयम सेवक गठन गर्न सकिने छ । साथै आवश्यकता अनुसार नेपाल प्रहरी जस्ता संगठनबाट स्वयम सेवा वा सुरक्षा माग गर्न सकिने छ ।

१०. अध्यक्ष, उपाध्यक्ष, सचिव, कोष अध्यक्ष र सदस्यहरुको काम, कर्तव्य र अधिकार : (१) उप समितिका काम, कर्तव्य र अधिकार ऐन र कार्यविधिको दफा ६ मा उल्लेख भएको उद्देश्यहरु पुरा गर्न सबैको आवश्यकता अनुसार आफ्नो आफ्नो भुमिका हुनेछ । मुल समिति वा गाउँपालिका कार्यालयले दिएको निर्देशन बमोजिमको कार्य गर्ने । यस विषयमा अन्य कुनै विवाद उत्पन्न भएको खण्डमा मुल समितिले प्रचलित कानुन बमोजिम निर्णय गरे बमोजिम हुनेछ ।

११. विविध : उप समिति र मुल समिति बिच काम गर्ने क्रममा कुनै प्रकारको विवाद भए प्रचलित कानुन बमोजिम माथिल्लो निकायले समस्या समाधान गर्नु पर्नेछ ।

कार्यपालिकाबाट स्वीकृत मिति : २०८३।०४।०१

प्रमाणीकरण मिति : २०८३।०४।१३

आज्ञाले,
विजय कुमार चौरसिया
प्रमुख प्रशासकीय अधिकृत

विजय कुमार चौरसिया
प्रमुख प्रशासकीय अधिकृत

जवाहर प्रसाद
गा.पा. अध्यक्ष